बैठक संख्या : १९८
मिति : २०८३।०६।०५, सोमबार
समय : दिनको १:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमांर श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया ह्रायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

बैठक संख्या : १९८

मिति : २०८३/०६/०५ (सोमबार)

समय : दिनको १:०० बजे

# प्रस्तावहरु

| | |
|---|---|
| प्रस्ताव नं. १: | वार्षिक खरिद योजना सम्बन्धमा। |
| प्रस्ताव नं. २: | योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा। |
| प्रस्ताव नं. ३: | शाखागत कार्यक्रम सम्बन्धमा। |
| प्रस्ताव नं. ४: | बसपार्कको पसल कवल व्यवसायीको भाडा निर्धारण सम्बन्धमा। |
| प्रस्ताव नं. ५: | ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरूको सेवा निरन्तरता सम्बन्धमा। |
| प्रस्ताव नं. ६: | दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई मासिक ज्यालादारीमा कामकाज गराउने सम्बन्धमा। |
| प्रस्ताव नं. ७: | जिन्सी व्यवस्थापन सम्बन्धमा। |
| प्रस्ताव नं. ८: | स्थानीय तहबाट प्यान नम्बर उपलब्ध गराउने सम्बन्धमा। |
| प्रस्ताव नं. ९: | "घ" वर्ग ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा। |
| प्रस्ताव नं. १०: | विना धितो विना व्याज नगर युवा स्वरोजगार कोषको ऋण असुली गर्ने सम्बन्धमा। |
| प्रस्ताव नं. ११: | कर्मचारी पारिश्रमिक सुविधा सम्बन्धमा। |
| प्रस्ताव नं. १२: | करार / ज्यालादारी कर्मचारी अवकाश भई भुक्तानी बाँकी तलब भत्ता सम्बन्धमा। |
| प्रस्ताव नं. १३: | ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB / SYB) तालिम साझेदारी सम्बन्धमा। |
| प्रस्ताव नं. १४: | विविध |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८३ असोज ५ गते बसेको १९८ औं नगर कार्यपालिका बैठक तथा वार्षिक समिक्षा बैठक+को प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: वार्षिक खरिद योजना सम्बन्धमा ।**

**निर्णयः** यस नगरपालिका आ.व. २०८३/०८४ मा खरिदजन्य तथा योजना / कार्यक्रमहरुको वार्षिक खरिद योजना निर्माण भई सकेकोले सो योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

**निर्णयः** यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरुका लागि तयार भएको "कमलामाई नगरपालिका उपभोक्ता समिति दर्ता कार्यविधी, २०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: शाखागत कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** आ.व. २०८३/८४ मा कमलामाई नगरपालिकाको शाखागत विभिन्न कार्यक्रमहरु कार्यान्वयनका लागि सम्बन्धीत शाखाले तालिका बनाई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई अविलम्ब विभिन्न तोकिएका कार्यहरु कार्यान्वयनमा गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: बसपार्कको पसल कवल व्यवसायीको भाडा निर्धारण सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाले निर्माण गरेको बसपार्क भित्रको पसल कवलमा यस कमलामाई नगरपालिका, वडा नं. ६ मा निर्माण भएको स्टल बजार भत्किएपछि त्यहाँका ६ वटा व्यापारी तथा एउटा यातायात व्यवसायी गरी जम्मा ७ वटा पसल कवलहरुमा मिति २०८३ साल असार देखि व्यापार व्यवसाय गरी बस्दै आएका तपशिल बमोजिमका

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

व्यवसायीहरुलाई मासिक भाडा रकम रु.१२,०००/- कायम गरी ३ (तीन) महिनाको भाडा रकम धरौटी (धरौटी खाता नं. ग-३ १०६०१००३०३००००००३) राखी ३ (तीन) वर्षको लागि सम्झौता गरि दिने निर्णय गरियो ।

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली
बागमती प्रदेश, नेपाल

**तपसिल**

राजेन्द्र कुमार श्रेष्ठ, कमलामाई न.पा.-६, श्रेष्ठ रेडिमेड

बिरबल चौधरी, कमलामाई न.पा.-६, विशाल फेन्सी स्टोर्स

अजय श्रेष्ठ, कमलामाई न.पा.-४, स्टार कम्प्यूटर

विमल विश्वकर्मा, कमलामाई न.पा.-६, अन्जु रेडिमेड पसल

मनमाया श्रेष्ठ, कमलामाई न.पा.-६, सरोज रेडिमेड पसल

आशा थापा, कमलामाई न.पा.-६सुहाना कान्छी लेडिज सु-सेन्टर

सुनौलो वि.पि. यातायात, कमलामाई न.पा.-६, वि.पि. यातायात कम्पनी प्रा.लि.

**प्रस्ताव नं. ५: ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरूको सेवा निरन्तरता सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाको १७ औं नगरसभाको दोस्रो बैठकको निर्णय नं. २६ बमोजिम नगरपालिकाको सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) संरचनाभित्र रहेका करार तथा ज्यालादारी कर्मचारी तथा संगठन तथा व्यवस्थापन (O&M) संरचनाबाहिर रही नगरपालिकाको आवश्यकता अनुसार करार, अस्थायी तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरूको आ.व. २०८३/८४ मा सेवा निरन्तरता सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णयलाई स्वीकृत गर्ने व्यवस्था रहेको सन्दर्भमा सो निर्णय कार्यान्वयनका सम्बन्धमा छलफल गरियो ।

नगरपालिकाबाट प्रवाह हुने सरसफाइ, दमकल तथा आकस्मिक सेवा, सवारी साधन सञ्चालन, प्राविधिक तथा प्रशासनिक सहयोग लगायतका अत्यावश्यक सेवा नियमित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक जनशक्तिको निरन्तरता अपरिहार्य रहेको हुँदा नगरपालिका मातहत विगतदेखि ज्यालादारी सेवामा कार्यरत देहायका कर्मचारीहरूलाई

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

आ.व. २०८३/८४ का लागि नगरपालिकाको आवश्यकता, स्वीकृत बजेट तथा प्रचलित कानूनको अधीनमा रही मासिक ज्यालादारीमा कामकाज गराउने र नियमानुसार तोकिएको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो। सो निर्णय कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णयसमेत गरियो।

## तपसिल

| क्र.सं. | नाम थर | पद/तह | कै. |
|---|---|---|---|
| १. | भगवती दर्लामी | अ.मि.न./सहायक चौथो | |
| २. | सशिकला श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर/सहायक चौथो | |
| ३. | सुमित्रा तामाङ | सहायक कम्प्युटर अपरेटर/सहायक चौथो | |
| ४. | दर्गा फुयाल | सहायक कम्प्युटर अपरेटर/सहायक चौथो | |
| ५. | गोमा कुमारी देवकोटा | सहायक कम्प्युटर अपरेटर/सहायक चौथो | |
| ६. | नारायण राय | भेटेरिनरी प्राविधिक/सहायक चौथो | |
| ७. | इन्दिरा कार्की | कार्यालय सहयोगी/प्रथमस्तर | |
| ८. | खड्ग बहादुर गोले | सहायक कम्प्युटर अपरेटर/सहायक चौथो | |
| ९. | मनोज बराल | कार्यालय सहयोगी/प्रथमस्तर | |
| १०. | विष्णु कुमारी सिदाली मगर | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| ११. | निल कुमारी सार्की | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| १२. | प्रतिक्षा श्रेष्ठ | कार्यालय सहयोगी/प्रथमस्तर | |
| १३. | इच्छा राउत | सचिवालय सहयोगी/प्रथमस्तर | |
| १४. | चन्द्रवती वि.क. | अ.हे.व./सहायक चौथो | |
| १५. | संगिता पौडेल | अ.हे.व./सहायक चौथो | |
| १६. | ठुली माया भोलन गोले | कार्यालय सहयोगी/प्रथमस्तर | |
| १७. | कोकिला थापा | कार्यालय सहयोगी/प्रथमस्तर | |
| १८. | सुभद्रा कुमारी थिङ | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| १९. | गिता कुमारी बस्नेत | कार्यालय सहयोगी/प्रथमस्तर | |
| २०. | प्रेम बहादुर कार्की | दुरबिन सहजकर्ता | |
| २१. | लिला बहादुर पाख्रिन | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| २२. | सुन्तली माया थिङ | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| २३. | यम कुमारी भट्टराई | सरसफाइ कर्मचारी/प्रथमस्तर | |
| २४. | ढुङ्गराज अधिकारी | सरसफाइ कर्मचारी/प्रथमस्तर | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २८. | मोती सुनुवार | इलेक्ट्रिसियन/सहायक चौथो | |
| २६. | बीर बहादुर पुलामी मगर | हेभी सवारी चालक | |
| २७. | मनोज हायु | सरसफाइ कर्मचारी | |
| २८. | विवस मगर | सरसफाइ कर्मचारी | |
| २९. | गणेश बहादुर नेपाली | सरसफाइ कर्मचारी | |
| ३०. | गिता माझी | सरसफाइ कर्मचारी | |
| ३१. | सिता कुमर दनुवार | सरसफाइ कर्मचारी | |
| ३२. | रामबाबु पोखरेल | सरसफाइ कर्मचारी | |
| ३३. | शुभेक्षा दर्जी तोलाङ्गे | सरसफाइ कर्मचारी | |
| ३४. | विर बहादुर पुलामी | हेभी सवारी चालक | |
| ३५. | टेक बहादुर मगर | ट्रयाक्टर चालक | |
| ३६. | सन्दिप स्याङ्तान | फायरमेन | |
| ३७. | रमेश नेपाली | फायरमेन | |
| ३८. | रामु तोलङ्गे | फायरमेन | |
| ३९. | भवनाथ प्याकुरेल | कार्यालय सहयोगी | |

**द्रष्टव्य :** २०८२/८३ मा दैनिक ज्यालादारीमा सरसफाई तर्फ कार्यरत सञ्जय हायुले जागिर छाडेको र सो कार्यको लागि दैनिक ज्यालादारीमा जिवन वि.क.लाई खटाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६: दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई मासिक ज्यालादारीमा कामकाज गराउने सम्बन्धमा।**

निर्णयः कमलामाई नगरपालिकाको १७ औं नगरसभाको दोस्रो बैठकको निर्णय नं. २६ बमोजिम नगरपालिकाको सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) कमलामाई नगरपालिकाको १७ औं नगरसभाको दोस्रो बैठकको निर्णय नं. २७ मा "कार्यालयमा विगत तथा गत वर्षदेखि नियमित रुपमा दैनिक ज्यालादारीमा कार्यालयको आवश्यकतानुसार कामकाज गरिरहेका कर्मचारीहरुलाई मासिक ज्यालादारीको रुपमा कामकाज गराउने गरी कार्यपालिकाबाट भएको निर्णयलाई अनुमोदन गर्ने" निर्णय भएको सन्दर्भमा सो निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

नगरपालिकाको आवश्यकता अनुसार आ.व. २०८२/८३ को असार मसान्तसम्म दैनिक ज्यालादारीमा कार्यरत रही नियमित रूपमा कामकाज गर्दै आएका देहायका कर्मचारीको सेवा आवश्यक देखिएको हुँदा निजहरूलाई आ.व. २०८३/८४ मा नगरपालिकाको आवश्यकता, कामको प्रकृति, स्वीकृत बजेट तथा प्रचलित कानूनको अधीनमा रही मासिक ज्यालादारीमा कामकाज गराउने र नियमानुसार तोकिएको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो। सोको आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरी निर्णय कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | भगवती राना मगर | कार्यालय सहयोगी | वडा नं. १२ कार्यालय |
| २ | अनिता दनुवार | कार्यालय सहयोगी | नगर प्रमुख सचिवालय |
| ३ | पार्वती रुम्बा घिसिङ | कार्यालय सहयोगी | वडा नं. ७ कार्यालय |
| ४ | आकृती कार्की | कार्यालय सहयोगी | वडा नं. ९ कार्यालय |
| ५ | शान्ता बस्नेत | स. कम्प्यूटर अपरेटर, सहायक चौथो | वडा नं. ६ कार्यालय |

**प्रस्ताव नं. ७: जिन्सी व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** यस कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली अन्तर्गत रहेको जिन्सी शाखा मार्फत वडा कार्यालय, विभिन्न शाखा, उप-शाखा, इकाई, समिति सचिवालयमा "सार्वजनिक सम्पत्ती व्यवस्था प्रणाली PAMS" मार्फत खर्च हुने व्यवस्था हालै मात्र लागू भएको विगतमा सम्पत्ती / जिंन्सी सामान हार्डकपी स्वीकृत माग फाराम अनुसार खर्च हुने गरेको आ.व. २०८२/०८३ मा पनी केही समय हार्डकपी स्वीकृत माग फारम र केही समय PAMS online system प्रयोग गरिएकोले PAMS मा प्राविधिक समस्या आइ विगतमा खर्च गर्न नसकिएकोले आ.व. २०८३/०८४ मा खर्च हुने सामान (म.ले.प.फा.नं. ४०७) मा सामान संचित देखिएकोले विगतको स्वीकृत माग फाराम, प्रमाण र कागजात अनुसार चालू आ.व. मा खर्च घटाउन नगर कार्यपालिकाको कार्यालय मार्फत जिन्सी शाखालाई कार्यादेश दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ८: स्थानीय तहबाट प्यान नम्बर उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णयः** नेपाल सरकार अर्थ मन्त्रालयको प.सं. २०८२।०८३, च.नं. १९५३, मिति २०८२।०८।२४ को पत्रअनुसार करदाता सेवा कार्यालयहरुबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुबाट प्रवाह गर्ने सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा परिपत्र , नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०७।१७ को निर्णय अनुसार यस नगरपालिकाबाट कर सेवा प्रवाहमा सहज पहुँचका लागि उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा मार्फत स्थायी लेखा नम्बर उपलब्ध गराउनका लागि आवश्यक प्रक्रिया तथा व्यवस्थापन कार्य अघि बढाइदिन आन्तरिक राजश्व कार्यालय बर्दिबास महोत्तरीलाइ अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: "घ" वर्ग ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णयः** "घ" वर्गको ईजाजत – प्रमाणपत्रको लागि पेश भएको तपशिलमा उल्लेखित निर्माण सेवाले "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि, २०७४ को अनुसुचि -५ मा उल्लेखित प्रकृया पुरा भएको हुँदा तपशिल अनुसारको निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत- पत्र उपलब्ध गराउने निर्णय गरियो।

१. ए.ए .आर. बि. विल्डर्स प्रा. लि., क.न.पा. ६- सिन्धुली, प्रो. विमल विश्वकर्मा

२. नग्मा ग्रुप अफ विल्डर्स एण्ड सप्लायर्स प्रा. लि., क.न.पा.-७, सिन्धुली, प्रो. मान बहादुर मगर

३. बि.एस.जि. विल्डर्स एण्ड सप्लायर्स प्रा. लि. क. न.पा. - ६ सिन्धुली, प्रो. विजय प्रकाश गुर्मछान मगर

४. जे.के. विल्डर्स एण्ड सप्लायर्स प्रा. लि. क. न. पा. -३ सिन्धुली, प्रो. नारायण बहादुर कार्की

५. ओ. एण्ड के. कन्स्ट्रक्सन प्रा. लि. क न पा १२ सिन्धुली, प्रो. कृष्ण कुमार भोलन

६. एच.एल.एस. विल्डर्स एण्ड ट्रेडर्स प्रा. लि. क न पा - ६ सिन्धुली, प्रो. हर्क नारायण श्रेष्ठ

७. हिमशत्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि., क न पा - ६ सिन्धुली, प्रो. जित बहादुर कार्की

८. लिङ्कन कन्स्ट्रक्सन प्रा. लि. क न पा - ४, सिन्धुली, प्रो. राजु कुमार श्रेष्ठ

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. १०: विना धितो विना ब्याज नगर युवा स्वरोजगार कोषको ऋण असुली गर्ने सम्बन्धमा।**

**निर्णयः** यस कार्यालयको उद्योग, व्यापार तथा पर्यटन प्रवर्द्धन शाखा मार्फत आ.व. २०७७।०७८ र २०७८।०७९ मा नगर युवा स्वरोजगार कोषबाट व्यवसाय सञ्चालनका लागि विना धितो विना व्याज वितरण गरिएको ऋण मध्ये साँवा र ५ प्रतिशत हर्जना गरी जम्मा रु १४६१२६३३। बाँकी रहको साथै महालेखा परिक्षकको कार्यालयबाट असुल गर् भनी बेरुजु कायम भएको हुँदा एकपटकका लागि ऋण असुली गर्न राष्ट्रिय स्तरको पत्रिकामा ३० दिने सूचना प्रकाशन गर्ने उक्त अवधिमा प्राप्त नभएमा नियमानुसार कार्वाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ११: कर्मचारी पारिश्रमिक सुविधा सम्बन्धमा।**

**निर्णयः** नेपाल सरकार / प्रदेश सरकारको निर्णय परिपत्र समेतको आधारमा कमलामाई नगरपालिका, सिन्धुलीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले पाउने पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १२: करार / ज्यालादारी कर्मचारी अवकाश भई भुक्तानी बाँकी तलब भत्ता सम्बन्धमा।**

**निर्णयः** ५८ वर्ष पूरा भएका र दोहोरो सरकारी सेवा सुविधा पाउने गरी कार्यरत करार / ज्यालादारी कर्मचारीको सम्बन्धमा अवकाश भई विगतमा काम गरेको अवधिको भुक्तानी बाँकी रकम सम्बन्धित शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. १३: ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB / SYB) तालिम साझेदारी सम्बन्धमा।**

**निर्णयः** नेपाल सरकार युवा श्रम तथा रोजगार मन्त्रालय, राष्ट्रिय युवा परिषदको मिति २०८३/०६/०२ गतेको पत्रानुसार कमलामाई नगरपालिकाका १६ वर्षदेखि ४० वर्षका युवाहरुलाई लक्षित गरी सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्न प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्न ७ दिने उद्यमशीलता तथा वित्तिय साक्षरताको आधारभूत तालिम संचालन गर्न आ.व. २०८३/८४ मा ३० देखि ३५ जना युवाहरुको लागि ७ दिने उद्यमशीलता तथा वित्तिय साक्षरता (GYB / SYB) तालिम संचालन गर्न प्रस्ताव पठाउने र तालिम संचालनका लागि (Matching कोषबाट रु. १,७५,०००।– साझेदारी गर्ने) निर्णय गरियो ।

**प्रस्ताव नं. १४: विविधः**

१. कमलामाई नगरपालिका-४, दर्लामी स्थित सामुदायिक भवन हावाहुरीका कारण प्रयोग बिहीन भएको र विभिन्न सामुदायिक कार्यक्रमहरु गर्न कठिनाइ भएकोले उक्त सामुदायिक भवन मर्मत सम्भार तथा पूनः निर्माणका लागि रु. २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२. कमलामाई नगरपालिका-५, तीनदोभाने स्थित स्वर्गद्धारी प्रतिक्षालय पहिरोमा परी क्षतिग्रस्त भएकोले सो प्रतिक्षालय पूनः निर्माण गर्नका लागि रु. ३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

३. कमलामाई नगरपालिका-९, काउछे निवासी सोनिका ढकाल (निलो कार्ड प्राप्त अपाङ्ग) 5th Asia Para Games: Aichi-Nagoya, Japan, 2026 मा छनौट भएको र उक्त खेलकूदमा सहभागी हुन अगाडी विभिन्न खेलहरुको अभ्यास गर्नु पर्ने भएकोले उक्त अभ्यासका लागि प्याड, बल, पञ्जा आवश्यक रहेकोले निजलाई उक्त सामग्रीहरु व्यवस्थापन गर्न रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

४. यस नगरपालिका वडा नं. १३ का वडा सदस्य देवी देवकोटाको स्वास्थ्य अवस्थामा गम्भिर (मुटुसँग सम्बन्धित) समस्या आई उपचार गराउनु पर्ने भएकोले निजको आर्थिक अवस्था कमजोर भएकोले नीजको स्वास्थ्य उपचार गर्न रु. ५०,०००।- दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख